Province Government

Ministry of Water Supply, Irrigation and Energy

Water Resources & Irrigation Development Division, Dhankuta

Koshi Province, Nepal

## Notice for Financial Bids Opening

**Date of Publication: 2081/12/12 (25th March, 2025)**

Pursuant to Clauses ३१ज (४) of the Public Procurement Regulation 2064 (including amendments), this is to notify all concerned bidders that, in reference to the notice published on २०८१/१०/२३ (5th February,2025) in the "Naya Patrika" National daily Newspaper, the result of the evaluation of the Technical Proposals of the Bidders for Contract No.- WRIDD-DKT/MIP/LKKIP/Works/NCB-01/081-82 is presented below.

| Bidder No. | Name of Bidders | Result |
|---|---|---|
| 1 | M/S Mai Bhagawati Nirman Sewa Pvt.Ltd., Ilam-7, Ilam | Responsive |
| 2 | M/S PNS-LB Construction JV, Kathmandu-32, Kathmandu | Responsive |
| 3 | M/S KDN-CHINNAMASTA-JANASEWA JV, Samakhusi, Kathamndu | Responsive |
| 4 | M/S Ale Nirman-Chandrajyoti JV, Phidim-1, Panchthar | Responsive |

The substantially responsive bidders are requested to attend the Financial Proposal opening to be held at 13:00 hours on 1st April, 2025 (2081/12/19) at Water Resources and Irrigation Development Division, Dhankuta.

**Division Chief**

« पृष्ठ ३ बाट क्रमशः

सुचना दिएको थियो । सूचनापछि प्रहरीले टिकट खरिदकर्तालाई निगरानीमा राख्दै आइतबार पक्राउ गरेको हो । प्रहरीले मोरङ रंगेली नपा-७ का ४५ वर्षीय विकास भारती र गोरखा आजिरकोट गापा-३ का ३७ वर्षीय बाबुराम अधिकारीलाई पक्राउ गरेको छ । घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बुद्धको हवाई टिकट प्रणाली 'ह्याक' गरी टिकट बिक्री भएको भेटिएको र दुई पक्राउ परेको बताए । 'बुद्ध एयरको टिकट प्रणाली ह्याक भएको देखियो । टिकट बिक्री गर्ने उद्देश्यले प्रणालीमा उनीहरूको प्रवेश भएको देखिन्छ,' उनले भने, 'यस क्रममा उनीहरूले २० वटा टिकट बिक्री गरेका छन् । रकम आफैं लिएका छन् । उनीहरू पक्राउ परेका छन् ।'

बुद्ध एयरको सूचनापछि प्रहरीले अनलाइनमार्फत भएको कारोबारमा नजर राखेको थियो । यही क्रममा प्रहरी ह्याकर भारती र अधिकारीसम्म पुगेको थियो । बुद्धका प्रवक्ता दीपेन्द्र कर्णले अनधिकृत तवरले टिकट बिक्री भएको सूचनापछि खरिदकर्तालाई निगरानी गरिएको र सोही क्रममा भारती पक्राउ परेको बताए ।

« पृष्ठ ३ बाट क्रमशः

अघि बढाउन सहज भएको छ,' उनले भने, 'अब सडक निर्माणको काम एक वर्षभित्र सकिन्छ ।' राजमार्गमा पर्ने रुख हटाउन करिब दुई महिना लाग्ने अनुमान गरिएको छ ।

सुनसरीको सर्दु-भलुवाको २४.८ किमि र भलुवा-बेलडाँगीको २८ किमि गरी दुई खण्डको ठेक्का सम्झौता २९ असार ०७८ मै भए पनि रुख कटानको अनुमति नहुँदा श्रेष्ठ-मोतीदान जेभीले काम गर्न सकेको थिएन । कतिपय ठाउँमा बिचमै रुख छाडेर निर्माण व्यवसायीले सडक कालोपत्रे गरेका थिए ।

ठेक्काको म्याद २८ पुस ०८० मै सकिएपछि गत पुस मसान्तमा म्याद थप भएको थियो । अहिले म्याद थप प्रक्रियामा रहेको खत्रीले बताए । 'सरकारले समयमै रुख कटानको अनुमति नदिँदा ढिलाइ भएको थियो । बल्ल कटान सुरु भएको छ । रुख कटान सकिँदा जेठ लाग्छ । त्यसपछि बर्खा सुरु हुन्छ,' श्रेष्ठ-मोतीदान जेभीका इन्जिनियर प्रह्लाद ढुंगानाले भने, 'अब यो आर्थिक वर्षमा काम सकिँदैन । हामीले एक वर्षको म्याद थप मागेका छौं । त्यो अवधिमा हामी काम सक्छौं ।'

[illegible] ठेक्का लागेको हो । दुवै खण्डको काम करिब ७५ प्रतिशत सकिएको छ । त्यसैबिच मदन भण्डारी राजमार्गअन्तर्गत दमकदेखि इलाम हुँदै मेचीनगरको पाटापुरसम्मको ५२.८ किमि क्षेत्रको रुख हटाउनेबारे सरकारले अझै निर्णय गरेको छैन । यो खण्डमा ६ हजार रुख हटाउनुपर्ने मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका प्रमुख कर्णसिंह खत्रीले बताए ।

'यो खण्डमा पनि रुख हटाउनका लागि प्रक्रिया अन्तिम चरणमा छ । केही समयमा नै निर्णय भएर रुख कटान हुनेछ,' उनले भने । दमकदेखि इलाम हुँदै मेचीनगरको पाटापुरसम्मको खण्डमा पनि रुख कटान समयमा नहुँदा कतिपय ठेक्कामा म्याद सकिँदा पनि काम सम्पन्न हुन सकेको छैन ।

५२.८ किमिमध्ये मेचीडाँगी-शान्तिपुरको १० किमि सडक ३७ करोड ९५ लाखमा श्रेष्ठ-मोतीदान जेभीले ठेक्का लिएको छ । थपिएको म्याद ०८२ असार मसान्तसम्म छ । प्रगति ६० प्रतिशत छ । मेचीडाँगीदेखि पाटापुरसम्मको करिब तीन किलोमिटर सडक निर्माणका लागि दुईवटा प्याकेजमा ठेक्का लगाइएको थियो । दुवै ठेक्का सम्पन्न भएको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकले जनाएको छ ।

Scanned with CamScanner